# श्री सर्वोच्च अदालतमा पेश गरेको

## रिट निवेदन-पत्र

**विषयःउत्प्रेषणयुक्त परमादेश लगायत जो चाहिने उपयुक्त आज्ञा आदेश जारी गरी पाउँ।**

भक्तपुर जिल्ला सुर्यविनायक नगरपालिका, वडा नं.६ घर भई पूर्वाञ्चल विश्वविद्यालय, अन्तर्गतको चक्रवर्ती हबि एजुकेसन एकेडेमी, कलेज अफ लमा एल.एल.एम. अध्ययन गरेको वर्ष २६ को मनिता गुरुङ.................................................................................1 **निवेदक**

**विरुद्ध**

कुलपति, पूर्वाञ्चल विश्वविद्यालय,विराटनगर, मोरङ................................................1

डिन, कानून संकाय, पूर्वाञ्चल विश्वविद्यालय , मोरङ..............................................1

परीक्षा नियन्त्रण कार्यालय, पूर्वाञ्चल विश्वविद्यालय, विराटनगर, मोरङ..........................1

चक्रवर्ति हबि एजुकेशन एकेडेमी, कलेज अफ ल, बिजुलीबजार, काठमाडौ....................1

काठमाडौ जिल्ला, बुढानिलकण्ठ न.पा., वडा नं. 9 घर भई पूर्वाञ्चल विश्वविद्यालय, अन्तर्गतको चक्रवर्ती हबि एजुकेसन एकेडेमी, कलेज अफ लमा एल.एल.एम. अध्ययन गरेकोयोगबहादुर पाल.......................................................................................1 **विपक्षी**

1. म निवेदक यस निवेदन वापत लाग्ने दस्तुर साथै राखी निम्नबमोजिमको निवेदन गर्दछुः

क. म निवेदक इमान्दार, जेहेन्दार, कतर्व्यनिष्ठ, स्वच्छ प्रतिस्पर्धामा विश्वास गर्ने कानूनको विद्यार्थी हुँ।मनिवेदकले पूर्वाञ्चल विश्वविद्यालयबाट सम्बन्धन प्राप्त भै सञ्चालन भैरहेको बिजुलीबजार, काठमाडौ स्थित चक्रवर्ति हबि एजुकेशन एकेडेमी, कलेज अफ लमा शैक्षिक वर्ष २०१8-२020 को २ वर्षे LL.M. (Business and International Trade Law) विषयको समूहमा अध्ययन गरी विश्वविद्यालयबाट भएको प्रथम वर्षको लिखित परिक्षा र दोस्रो वर्षको लिखित परिक्षा समेत नियमित रुपमा उत्तिर्ण गरी सो पश्चातचक्रवर्ति हबि एजुकेशन एकेडेमी, कलेज अफ लमा शोधपत्र बुझाई सोको मौखिक परीक्षा (Viva Voce) मिति २०७8 साल पौष 18 गतेका दिन विश्वविद्यालयले तोकेको समय सिमाभित्रै पुरा गरी म निवेदकले एल.एल.एम कार्यक्रममा एग्रिगेटमा 83.12 प्रतिशत ल्याईसो शैक्षिक सत्रमा पूर्वाञ्चल विश्वविद्यालय भरिमा पहिलो स्थान हासिल गरेको हुँ।म निवेदकलाईचक्रवर्ति हबि

एजुकेशन एकेडेमी, कलेज अफ लले एलएल.एम.को शैक्षिक सत्र 2018 को Highest Scoreभनि प्रमाणपत्र समेत प्रदान गरेकोलेमैले उत्कृष्ट स्थान हासिल गरेकोमा कुनै विवाद छैन।

ख. यसरी म निवेदकले पूर्वाञ्चल विश्वविद्यालयबाट दशौं दीक्षान्त समारोहमा आफ्नो शैक्षिक सत्रकोस्वर्ण पदक प्राप्त गर्ने आपेक्षा गरी बसिरहेको अवस्थामा मिति २०७8।12।22गते विपक्षी विश्वविद्यालको स्वर्ण पदक प्राप्त गर्ने विद्यार्थीहरुलाई मात्र समावेश गरी सञ्चालन गर्न गईरहेको दशौं दीक्षान्त समारोहमास्वर्ण पदक प्राप्त गर्ने विद्यार्थीहरुको विवरण आफ्नो वेबसाइट www.puexam.edu.np मा प्रकाशित गरेकोमा शैक्षिक वर्ष २०20 सालको परीक्षामा एल.एल.एम कार्यक्रम सर्वोत्तम, कानुन स्नातकोत्तर स्वर्ण पदक भनि र.नं. ०87-५-3-12617-२०१8 भई76.25% हासिल गरेका विपक्षी योगबहादुर पालको नाम सिफारिस गरिएको रहेछ। उक्त स्वर्ण पदकका लागि सिफारिस गरिएका श्री योग बहादुर पालको लब्धाङ्क पत्रमा निजको एग्रीगेट76.25 प्रतिशत छ भने म सोही शैक्षिक सत्रको निवेदकको र.नं. ०87-५-३-12575-२०१8 को ८3.12 प्रतिशत छ जुन अंकस्वर्ण पदकका लागि सिफारिस गरिएकाविपक्षी योगबहादुर पालको भन्दा 6.87 प्रतिशत बढी रहेको तथ्य प्रथमदृष्टीमा नै स्पष्ट छ।

ग. विश्वविद्यालयले उक्त मिति 2078।12।22 मा प्रकाशित सूचनामा रहेको नामावली बाहेक अन्य कुनै विद्यार्थीहरुको दीक्षान्त समारोहमा पदक प्राप्त गर्नुपर्ने पर्याप्त आधार भए सबुद प्रमाण सहित आफुले प्राप्त गरेको शैक्षिक प्रमाण पत्रहरुको सक्कल प्रति सहित मिति २०७8।12।29 गते सम्ममा पूर्वाञ्चल विश्वविद्यालय,परीक्षा व्यवस्थापन कार्यालय, विराटनगरमा दावी विरोध गर्नु भनि भनेकोमा म निवेदकले चक्रवर्ति हबि एजुकेशन एकेडेमी, कलेज अफ लमार्फत मिति 2078।12।24मा पेश गरेको निवेदन उपर कुनै जवाफ नआएकोले आफू स्वयम विराटनगर स्थित पूर्वाञ्चल विश्वविद्यालय,परीक्षा व्यवस्थापन कार्यालयमाउपस्थित भई मिति 2078।12।2८ मा दर्ता नं. 49को निबेदन पत्र मार्फतLL.M. 2020 कानून स्नातकोत्तर स्वर्ण पदकआफूले प्राप्त गर्नुपर्ने आधार कारण सहित दाबी विरोध गरेकोमा "हामी केही गर्ने सक्दैनौ, यो हाम्रो समितिको निर्णय हो। समय पनि छैन, हामीले गर्न सक्ने पनि केही छैन, यसैमा चित्त बुझाउनुहोस"भनि अपहेलित हुने गरी मौखिक रुपमा मात्रजवाफ दिएको अवस्था छ।

घ. यसरी विपक्षी पूर्वाञ्चल विश्वविद्यालयले मेरो दाबीमा सुनुवाई नै नगरी, कुनै छानविन नगरी, निर्णयको आधार र कारण समेत स्पष्ट नदेखाई पूर्व प्रकाशित नामावली नै यथावत् राख्ने मनसायले मौखिकजवाफ मात्र दिएको हुँदा विपक्षीहरुको उक्त निर्णय एवम् काम कारवाहीले म निवेदकको नेपालको संविधानको धारा १६(१), धारा १८(१), धारा २५(१), धारा २७ द्वारा प्रदत्त मौलिक हकमा समेत गम्भिर आधात परेकोलेअन्य कुनै उपचारको माध्यम नभएको र उपचारको माध्यम भएपनि प्रभावकारी नभएकोले बाध्य भई उपचारका लागि प्रस्तुत निवेदन लिई सम्मानित अदालतको शरणमा उपस्थित भएको छु।

ङ. पूर्वाञ्चल विश्वविद्यालय ऐन, २०५० ले आफ्नो प्रस्तावनामा प्रतिस्पर्धात्मक आधारमा शिक्षाकोगुणस्तरमा अभिवृद्धि गर्न तथा स्वस्थ्य शैक्षिक संरचना विकास गर्ने भनि उल्लेख गरेको छ। त्यस्तै, दफा ३५ मा पूर्वाञ्चल विश्वविद्यालयले नेपाल सरकारको राष्ट्रिय शिक्षा नीति अनुरुप कार्य सञ्चालन गर्नु विश्वविद्यालयको कर्तव्य हुनेछ भनिव्यवस्था समेत गरेको छ। नेपालको संविधानको धारा ५१ राज्यका नीतिहरुमा नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीतिको उपधारा (१) मा शिक्षालाई वैज्ञानिक प्राविधिक, व्यावसायिक सीपमूलक, रोजगारमूलक एवं जनमुखी बनाउँदै सक्षम प्रतिस्पर्धी नैतिक एवं राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने उल्लेख गरिएको छ भने (२) मा शिक्षामा भएको निजी क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने उल्लेख गरिएको छ। यसै सन्दर्भमा

डा.गोपालकृष्ण शिवाकोटी विरुद्ध सम्माननीय राष्ट्रपतिको कार्यालय समेत भएको संवत् २०६७ सालको रिट नं. २०६६-wo-११६२, ने.का.प.२०६८, अंक ४, नि.नं. ८५९३ को उत्प्रेषण परमादेश समेतको मुद्दामा विभूषण प्रदान गर्ने निर्णय र प्रक्रियालाई अदालतले संबिधान अन्तर्गत न्यायिक पुनरावलोकन गर्न सक्छ भनि सिद्धान्त प्रतिपादित भएको अवस्था छ। माथि उल्लिखित संवैधानिक तथा कानुनी व्यवस्था समेतबाट पूर्वाञ्चल विश्वविद्यालयको दीक्षान्त समारोहको आयोजना तथा स्वर्ण पदक प्रदान गर्ने सन्दर्भमा आवश्यक कार्यविधि तथा प्रक्रिया निर्धारण गर्ने काम पूर्वाञ्चल विश्वविद्यालयले शक्ति, पहुँच वा सुविधाको आधारमा नभई संबिधान, प्रचलित ऐन, कानून तथा प्राकृतिक न्यायको सिद्धान्तको मर्म र भावना अनुरुप गर्नुपर्ने हुन्छ।

च. स्वर्ण पदकको उद्देश्य भनेको एउटै शैक्षिक सत्रका विद्यार्थीहरुमध्ये सबैभन्दा बढी अंक ल्याउने विद्यार्थीलाई प्रदान गरिने पुरस्कारतथा उपाधि हो।उक्त सिद्धान्तलाईयसै प्रकृतिको विवादमा यसै अदालतबाट बिनिता पाण्डे वि. पूर्वाञ्चल विश्वविद्यालय (076-WO-0510), महेन्द्रप्रसाद पौडेल वि. पूर्वाञ्चल विश्वविद्यालय (076-WO-0519), पूजा खत्री वि. पूर्वाञ्चल विश्वविद्यालय (071-WO-0714)समेतको मुद्दामा आत्मसात गरी सर्वोत्कृष्ट अंक ल्याउनु नै स्वर्ण पदकको लागी प्रमुख मापदण्ड भएकोले सोही सर्वोत्कृष्ट अंकल्याउने विद्यार्थीलाई स्वर्ण पदक प्रदान हुने गरी फैसला भइसकेको अवस्थामा विपक्षी पूर्वाञ्चल विश्वविद्यालयले उक्त निर्देशन सिद्धान्तको ख्याले नगरी मेरो दाबीलाई सुनुवाई नै नगरी मनोमानी ढंगबाट सर्वोत्कृष्ट अंक प्राप्त गरेको म निवेदकलाई अपमान गरी अन्य कम प्रतिशत भएका विद्यार्थीलाई स्वर्ण पदक प्रदान गर्ने गरी प्रकाशित गरेकोनामावलीले मेरो हक हितमा गम्भिर आघात परेको प्रष्ट छ।

छ. विश्वविद्यालयले कुनै पनि शैक्षिक सत्रको स्वर्ण पदक सो शैक्षिक सत्रमा सर्वोत्कृष्ट अंक हासिल गरेको विद्यार्थीलाई दिलाउनु पर्नेमा सो नगरी यस मिति पूर्वपनि पटक पटक अदालतबाट माथि उल्लेख भएका मुद्दाहरुमा स्थापित निर्देशन सिद्धान्तको बेवास्ता गरी पूर्वाग्राही तवरबाट स्वेच्छाचारी ढंगले सम्मानित अदालतको समेत अवहेलना गर्ने नियत लिईआफूलाई उचित लागेको विद्यार्थीलाई स्वर्ण पदक वितरण गर्ने हो भने उक्त स्वर्ण पदकको मान्यता नहुनुका साथै विद्यार्थीहरुको भविष्यमा खेलवाड र न्यायीक तथा शैक्षिक अराजकता (Tyranny) पनि पैदा हुने हुन्छ।

2. अतः निम्नानुसारको आज्ञा आदेश जारी गरी पाउः

क. विपक्षीहरुको उल्लेखित निर्णय, काम कारवाही तथागतिविधिबाट म निवेदकको संविधानद्धारा प्रदत्त मौलिक हक अन्तरगत स्वतन्त्रताको हक, समानताको हक, सम्पत्तिको हक, रोजगारीको हक, शिक्षाको हक, सूचनाको हक समेतमा गम्भिर आघात पर्न गएको हुँदा सो हकको उपचारको लागि पूर्वाञ्चल विश्वविद्यालयद्धारा मिति २०७८।12।22 को सूचनाबाट सिफारिस गरिएको शैक्षिक वर्ष २०20 सालको परीक्षामा एलएल.एम. कार्यक्रमको कानुन स्नातकोत्तर स्वर्ण पदक भनि र.नं. ०87-५-3-12617-२०१8को विपक्षी योगबहादुर पालको नाम लगायत तत्सम्बन्धमा म निवेदकको हक हितमा असर पर्ने गरी भएका उल्लिखित मिति 2078।12।22 कोसूचनाको MEDAL LIST OF EXAM YEAR 2020 (2077)को क्रम संख्या14 को विवरण तथा सो सँग सम्बन्धितअन्य कुनै निर्णय, पत्राचार, काम कारवाही गतिविधि भएको भए ति यावत निर्णय, पत्राचार, कामकारवाही मेरो हकमा उत्पेषणको आदेशद्धारा बदर गरी सोमा मेरो नाम कायम गर्नू गराउनु भनि परमादेश लगायत उपयुक्त आदेश समेत जारी गरी पाऊँ।

ख. साथै, विपक्षी पूर्वाञ्चल विश्वविद्यालयले पटक पटक यसरी शैक्षिक सत्रको सर्वोत्कृष्ट अंक ल्याउने विद्यार्थीलाई स्वर्ण पदक प्रदान नगरी स्वेच्छाचारी ढंगबाट स्वर्ण पदक पाउने नपाउने भन्ने निर्णय गरेबाट उत्कृष्ट अंक ल्याएका त्यस्ता विद्यार्थीहरुलाई उल्टै थप दु:ख हैरानी,शारिरीक तथा मानसिक तनाव भएको हुँदागैरकानूनी र आधारहिन कामकारवाही गर्ने पदाधिकारी उपर समेत उपयुक्त आदेश जारी गरी पाऊँ।

ग. **तत्कालको लागि**, मिति 2078।12।22 मा प्रकाशित भएको स्वर्ण पदकको नामावली बमोजिम विपक्षी योगबहादुर  पाललाई शैक्षिक वर्ष 2020 को कानून स्नातकोतर स्वर्ण पदक प्रदान गर्ने काम कारवाही भएमा म निवेदकलाई **अपूरणीय क्षती हुनुका साथै प्रस्तुत रिट निवेदकको औचित्य समेत समाप्त हुने हुँदा प्रस्तुत रिट निवेदनको अन्तिम टुंगो नलागेसम्म मिति 2079।01।04मा हुने भनि तोकिएको दशौं दिक्षान्त समारोह स्थगित गरी उक्त कानून स्नातकोत्तर स्वर्ण पदक 2020 को पदक वितरणको कार्य नगर्नू नगराउनू**भनीसर्वोच्च अदालत नियमावली २०७४, को नियम ४९(१) बमोजिमअन्तरिम आदेश जारी गरी पाउँ।

3. संलग्न कागजातः
   क. निवेदकको नागरिकताको प्रतिलिपि,
   ख. निवेदकले पूर्वाञ्चल विश्वविद्यालयबाट प्राप्त गरेको ट्रान्सकृप्ट र मार्कसिटहरु,
   ग. पूर्वाञ्चल विश्वविद्यालयको वेबसाइटमा मिति 2078।12।22 मा प्रकाशित स्वर्ण पदक प्राप्त गर्ने विद्यार्थीहरुको नामावली,
   घ. चक्रवर्ति हबि एजुकेशन एकेडेमी, कलेज अफ ल, बिजुलीबजार, काठमाडौ मार्फत पूर्वाञ्चल विश्वविद्यालयमापठाएको पत्र,
   ङ. विपक्षी पूर्वाञ्चल विश्वविद्यालयमा पेश गरेको दाबी विरोध निवेदनको दर्ता नम्बर भरपाई,
   च. निवेदन खण्डमा उल्लेख भएका फैसलाहरुको प्रतिलिपि थान-3

4. यसमा लेखिएको व्यहोरा ठिक साँचो छ, झुठ्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला।

**निवेदक**
निज मनिता गुरुङ

ईतिसम्वत् २०७८ साल चैत्र महिना 29 गते रोज 3 शुभम्......................................।

**श्री सर्वोच्च अदालतमा पेश गरेको**

**सार-संक्षेपिकरण**

**विषयःउत्प्रेषणयुक्त परमादेश लगायत जो चाहिने उपयुक्त आज्ञा आदेश जारी गरी पाउँ।**

1. **पक्षहरुको नाम थर:**

भक्तपुर जिल्ला सुर्यविनायक नगरपालिका, वडा नं.६ घर भई पूर्वाञ्चल विश्वविद्यालय, अन्तर्गतको चक्रवर्ती हबि एजुकेसन एकेडेमी, कलेज अफ लमा एल.एल.एम. अध्ययन गरेको वर्ष २६ को मनिता गुरुङ.........................................................................................................1 **निवेदक**

**विरुद्ध**

कुलपति, पूर्वाञ्चल विश्वविद्यालय, विराटनगर, मोरङ..........................................................1

डिन, कानून संकाय, पूर्वाञ्चल विश्वविद्यालय , मोरङ.........................................................1

परीक्षा नियन्त्रण कार्यालय, पूर्वाञ्चल विश्वविद्यालय, विराटनगर, मोरङ....................................1

चक्रवर्ति हबि एजुकेशन एकेडेमी, कलेज अफ ल, बिजुलीबजार, काठमाडौ..............................1

काठमाडौ जिल्ला, बुढानिलकण्ठ न.पा., वडा नं. 9 घर भई पूर्वाञ्चल विश्वविद्यालय, अन्तर्गतको चक्रवर्ती हबि एजुकेसन एकेडेमी, कलेज अफ लमा एल.एल.एम. अध्ययन गरेका योगबहादुर पाल.........................................................................................................1 **विपक्षी**

2. **निवेदनको संक्षिप्त व्यहोरा:**

मनिवेदकले पूर्वाञ्चल विश्वविद्यालयबाट सम्बन्धन प्राप्त भै सञ्चालन भैरहेको बिजुलीबजार, काठमाडौ स्थित चक्रवर्ति हबि एजुकेशन एकेडेमी, कलेज अफ लमा शैक्षिक वर्ष २०१8-२020 को २ वर्षे LL.M. (Business and International Trade Law) विषयको समूहमा अध्ययन गरी विश्वविद्यालयबाट भएको प्रथम वर्षको लिखित परिक्षा र दोस्रो वर्षको लिखित परिक्षा समेत नियमित रुपमा उत्तिर्ण गरी सो पश्चात चक्रवर्ति हबि एजुकेशन एकेडेमी, कलेज अफ लमा शोधपत्र बुझाई सोको मौखिक परीक्षा (Viva Voce) मिति २०७8 साल पौष 18 गतेका दिन विश्वविद्यालयले तोकेको समय सिमाभित्रै पुरा गरी म निवेदकले एल.एल.एम कार्यक्रममा एग्रिगेटमा 83.12 प्रतिशत ल्याई सो शैक्षिक सत्रमा पूर्वाञ्चल विश्वविद्यालय भरिमा पहिलो स्थान हासिल गरेकोमा विपक्षी पूर्वाञ्चल विश्वविद्यालयबाट मिति 2078।12।22 मा Gold Medal List प्रकाशन गर्दा म भन्दा कम अंक ल्याएका र.नं. ०87-५-3-12617-२०१8 भई 76.25% हासिल गरेका विपक्षी योगबहादुर पालको नाम सिफारिस गरिएको र सो विरुद्धको दाबी विरोध दर्ता गर्दा कुनै सुनुवाई नभई मौखिक रुपमा मात्र जवाफ दिएको।

3. **संवैधानिक तथा कानूनी प्रश्न:**पूर्वाञ्चल विश्वविद्यालयबाट मिति 2078।12।22 मा प्रकाशित सूचीबाट म निवेदकको नेपालको संविधानको रा १६(१), धारा १८(१), धारा २५(१), धारा २७ द्वारा प्रदत्त मौलिक हकमा समेत गम्भिर आधात परेको

4. **माग गरिएको उपचार:**

क. विपक्षीहरुको उल्लेखित निर्णय, काम कारवाही तथागतिविधिबाट म निवेदकको संविधानद्धारा प्रदत्त मौलिक हक अन्तरगत स्वतन्त्रताको हक, समानताको हक, सम्पत्तिको हक, रोजगारीको हक, शिक्षाको

हक, सूचनाको हक समेतमा गम्भिर आघात पर्न गएको हुँदा सो हकको उपचारको लागि पूर्वाञ्चल विश्वविद्यालयद्धारा मिति २०७8।12।22 को सूचनाबाट सिफारिस गरिएको शैक्षिक वर्ष २०20 सालको परीक्षामा एलएल.एम. कार्यक्रमको कानुन स्नातकोत्तर स्वर्ण पदक भनि र.नं. ०87-५-3-12617-२०१8को विपक्षी योगबहादुर पालको नाम लगायत तत्सम्बन्धमा म निवेदकको हक हितमा असर पर्ने गरी भएका उल्लिखित मिति 2078।12।22 को सूचनाको MEDAL LIST OF EXAM YEAR 2020 (2077) को क्रम संख्या14 को विवरण तथा सो सँग सम्बन्धित अन्य कुनै निर्णय, पत्राचार, काम कारवाही गतिविधि भएको भए ति यावत निर्णय, पत्राचार, कामकारवाही मेरो हकमा उत्पेषणको आदेशद्धारा बदर गरी सोमा मेरो नाम कायम गर्नू गराउनु भनि परमादेश लगायत उपयुक्त आदेश समेत जारी गरी पाऊँ।

ख. साथै, विपक्षी पूर्वाञ्चल विश्वविद्यालयले पटक पटक यसरी शैक्षिक सत्रको सर्वोत्कृष्ट अंक ल्याउने विद्यार्थीलाई स्वर्ण पदक प्रदान नगरी स्वेच्छाचारी ढंगबाट स्वर्ण पदक पाउने नपाउने भन्ने निर्णय गरेबाट उत्कृष्ट अंक ल्याएका त्यस्ता विद्यार्थीहरुलाई उल्टै थप दु:ख हैरानी, शारिरीक तथा मानसिक तनाव भएको हुँदा गैरकानूनी र आधारहिन कामकारवाही गर्ने पदाधिकारी उपर समेत उपयुक्त आदेश जारी गरी पाऊँ।

ग. **तत्कालको लागि**, मिति 2078।12।22 मा प्रकाशित भएको स्वर्ण पदकको नामावली बमोजिम विपक्षी योगबहादुर पाललाई शैक्षिक वर्ष 2020 को कानून स्नातकोतर स्वर्ण पदक प्रदान गर्ने काम कारवाही भएमा म निवेदकलाई **अपूरणीय क्षती हुनुका साथै प्रस्तुत रिट निवेदकको औचित्य समेत समाप्त हुने हुँदा प्रस्तुत रिट निवेदनको अन्तिम टुंगो नलागेसम्म मिति 2079।01।04 मा हुने भनि तोकिएको दशौं दिक्षान्त समारोह स्थगित गरी उक्त कानून स्नातकोत्तर स्वर्ण पदक 2020 को पदक वितरणको कार्य नगर्नू नगराउनू** भनी सर्वोच्च अदालत नियमावली २०७४, को नियम ४९(१) बमोजिमअन्तरिम आदेश जारी गरी पाउँ।

**सार-संक्षेप प्रस्तुतकर्ता**
निज मनिता गुरुङ

ईति सम्वत् २०७८ साल चैत्र महिना 29 गते रोज 3 शुभम्.......................................।